नगर कार्यपालिकाको बैठक नं. ८/२०७९/८०

आज मिति २०७९/०९/०९ गते शनिवार दिउँसो दिनको १:०० बजे क.उ.म.न.पा.को सभा हलमा नगर प्रमुख श्री बिनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको आठौं बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो|

छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-

१. संशोधित बजेट तथा कार्यक्रम सम्बन्धमा |

निर्णय :- क.उ.म.न.पा.को १० औं नगरसभा (हिउँदे नगरसभा) मिति २०७९ पौष ११ गते सोमवार दिनको ११:०० बजे आहवान गर्ने निर्णय गरिएकोमा संशोधित बजेट तथा कार्यक्रमको बारेमा अध्ययन गर्न समय लाग्ने भएकोले संशोधित मिति पौष २९ गते पुनःआहवान गर्ने निर्णय गरियो |

२. समपुरक तथा बिशेष अनुदानका योजना छनौट सम्बन्धमा |

निर्णय :- (क) नगरसभा गृह निर्माण

(ख) छठिया पोखरी पार्क निर्माण

(ग) मोतिसर विद्यालय भवन निर्माण

(घ) रामजानकी पार्क निर्माण

(ङ) बस पार्क निर्माण

(च) चक्रपथ (Ring Road) निर्माण

(छ) पानी निकासको लागि मुख्य ढल (Main Drain) निर्माण

(ज) खौराही खोलाको पूर्वी किनारामा फेटा गा.पा. को सिमाना सम्म पक्कि सडक निर्माण

(झ) वडा नं. २६ को अधुरो रामजानकी निर्माण तथा पोखरी सौनदरिकरण योजना

( ) वडा नं. २७ को श्री ने.रा.आ.विद्यालय विजुलापुररामपुरको पर्खाल तथा पोखरी सौन्दरिकरण योजना |

(ट) विपन्न नागरिक खानेपानी कार्यक्रम

३. वडा संचालन खर्च सम्बन्धमा |

निर्णय :- वडा संचालन खर्च प्रत्येक वडालाई रु. १५०००/- प्रति महिनाका दरले भुक्तानी हुँदै आएकोमा बडा नं. १,६,७,१८,२०,२३ र २५ मा रु २००००/- प्रति महिनाका दरले उपलब्ध गराउने तथा बाँकी वडाहरुमा रु. १५०००/- नै प्रति महिनाका दरले उपलब्ध गराउने निर्णय गरियो |

४. पचायनपुर र भरवलिया विद्यालय भवन निर्माण सम्बन्धमा |

निर्णय :- वडा नं. १९ पचायनपुरमा रहेको श्री ने.रा.प्रा.वि. पचायनपुर ईनर्वा-३ को जिर्ण भवन भत्काई भवनको कार्य शुरु गर्ने र वडा नं. १८ भरवलियामा रहेको श्री ने.रा.आ.विद्यालयको लागि आवश्यक जग्गा खरिद गर्ने अख्तियारी सोही वडाका वडाध्यक्ष श्री धूप राउत अहिरलाई दिने निर्णय गरियो ।

५. रामजानकी पार्क निर्माणको टेन्डरबाट बचत भएको रु. ३१ लाख ७९ हजारको योजना तर्जुमा गर्ने सम्बन्धमा ।

निर्णय :- रामजानकी पार्क निर्माणको टेन्डरबाट बचेको रकम रु.३१ लाख ७९ हजारबाट पार्क निर्माणका लागि आवश्यक सामाग्री खरिद गर्ने निर्णय गरियो ।